वैठक नं १

आज मिति २०८२।०६।२७ गते, सोमबार दिनको २ बजेको समयमा उच्च सरकारी वकील कार्यालय, तुलसीपुरमा उच्च सरकारी वकील कार्यालय तुलसीपुरका निमित्त सहन्यायाधिवक्ता श्री नगेन्द्र लम्सालको संयोजकत्वमा उच्च सरकारी वकील कार्यालय तुलसीपुर तथा मातहत जिल्ला सरकारी वकील कार्यालय दाङमा कार्यरत सरकारी वकीलहरु बीचमा कार्यालय सम्बन्धी कामकाज प्रभावकारी बनाउने सम्बन्धमा अन्तर्क्रिया वैठक आयोजना गरि निम्न अनुसार निर्णय गरियो।

उपस्थितिः

१. नगेन्द्र लम्साल, निमित्त सहन्यायाधिवक्ता, उ.स.व.का., तुलसीपुर

२. योगेन्द्रप्रसाद ढुङ्गेल, जिल्ला न्यायाधिवक्ता, जि.स.व.का., दाङ

३. रेगबहादुर विष्ट, सहायक जिल्ला न्यायाधिवक्ता, जि.स.व.का., दाङ

४. श्रीधर अधिकारी, सहायक जिल्ला न्यायाधिवक्ता, जि.स.व.का., दाङ

५. टिकाकुमारी रोका (के.सी.), सहायक न्यायाधिवक्ता, उ.स.व.का., तुलसीपुर

६. मन्जु बुढाथोकी, सहायक न्यायाधिवक्ता, उ.स.व.का., तुलसीपुर

आमन्त्रित सहायक कर्मचारी

७. किरणकुमार जैशी, नायव सुब्बा, उ.स.व.का., तुलसीपुर

८. सुमनकुमार चौधरी, नायव सुब्बा, उ.स.व.का., तुलसीपुर

९. कमला रावत, लेखापाल, उ.स.व.का., तुलसीपुर

१०. दमन ओली, नायव सुब्बा, जि.स.व.का., दाङ

११. जावन सिंह रामजाली, खरिदार, उ.स.व.का., तुलसीपुर

१२. सनि ककेल, खरिदार, उ.स.व.का., तुलसीपुर

<u>प्रस्तावहरु</u>

१ जलेका र हराएका मिसिलको खोजी र व्यवस्थापन सम्बन्धमा ।

२ कार्यालय व्यवस्थापन सम्बन्धमा ।

३ कार्यालयको सुरक्षा व्यवस्थापन सम्बन्धमा ।

निर्णयहरु

१ प्रस्ताव नं १ उपर छलफल गर्दा उच्च सरकारी वकील कार्यालय तुलसीपुर र मातहत जिल्ला सरकारी वकील कार्यालय दाङमा अज्ञात समूहबाट मिति २०८२।५।२४ गते तोडफोड, आगजनी र चोरी नोक्सानी हुँदा कार्यालय भवन, सवारी साधन, कार्यालयको भौतिक सामाग्री, मुद्दाका मिसिलहरु र महत्वपूर्ण कागजातहरु नष्ट भएको अवस्था छ। उच्च अदालत तुलसीपुरले मिति २०८२।६।२३ गतेको बार बेञ्चको वैठकबाट मिति २०८२।६।२६ गते आइतबारदेखि शुरु मुद्दा, रिट, निषेधाज्ञाको निवेदन, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनहरु दर्ता गर्ने र सुनुवाई गर्ने कार्यको प्रारम्भ भएको उच्च अदालत तुलसीपुरको चलानी नं १६ (नयाँ), मिति २०८२।६।२४ गतेको उच्च सरकारी वकील कार्यालय तुलसीपुरलाई प्राप्त पत्रमा उल्लेख छ। यस कार्यालयमा नष्ट हुनबाट बेचका चालू मिसिलहरु, उच्च अदालतबाट फैसला भएका मिसिलहरु, जलेका अन्तरकालिन निवेदन, रिट निवेदन र निषेधाज्ञा निवेदन सम्बन्धी मिसिलहरु, मातहत कार्यालयबाट पुनरावेदन कारबाही, मुद्दा नचलाउने कारबाही, अन्तरकालिन निवेदनका लागि प्राप्त मिसिलहरु, २०८२ असारदेखि प्राप्त भएका मिसिलहरु तथा यस कार्यालयबाट मातहत कार्यालयमा २०८२ असारदेखि सफल मुद्दा, पुनरावेदन नगर्ने अन्तिम निर्णय, मिलापत्र भई अन्तिम भएका मिसिल, मुद्दा चलाउने र नचलाउने अन्तिम निर्णय भई फिर्ता भएका मिसिलहरु, दोहोर्याई पाउँ निवेदन नगर्ने निर्णय गरी फिर्ता पठाएका मिसिलहरुको मातहत कार्यालयहरुसँग समन्वय गरी यकिन गर्ने र महान्यायाधिवक्ताको कार्यालयमा पठाएका मिसिलहरुको यकिन गरी जलेर र हराएर नष्ट भएका मिसिलहरु सहित मुद्दाका रजिष्टरहरुको नयाँ रेकर्ड र मिसिल व्यवस्थापन गरी यस कार्यालय र जिल्ला सरकारी वकील कार्यालय दाङमा नयाँ रेकर्ड व्यवस्थापन गर्ने निर्णय गरियो ।

२ प्रस्ताव नं २ उपर छलफल गर्दा कार्यालयको काम कारबाही प्रभावकारी बनाई कार्यालय व्यवस्थापन गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालय र अन्य सरकारी निकायहरुसँग समन्वय र सहयोग माग गर्ने तथा कार्यालयका कर्मचारीहरुले प्रभावकारी रुपमा सम्पन्न गर्ने निर्णय गरियो । लुम्बिनी प्रदेश सरकारबाट उच्च सरकारी वकील कार्यालय तुलसीपुरको कार्यालय व्यवस्थापनका लागि पाँच लाख रकम र जिल्ला सरकारी वकील कार्यालय दाङको कार्यालय व्यवस्थापनका लागि चार लाख रकम तथा तुलसीपुर उपमहानगरपालिकाबाट उच्च सरकारी वकील कार्यालय तुलसीपुरलाई २ वटा डेस्कटप कम्प्युटर, २ वटा प्रिन्टर, १ वटा स्क्यानर, २ वटा स्टिल दराज, २ वटा रिभलभिङ कुर्सी र २ वटा प्लास्टिक कुर्सी उपलब्ध गराएकोमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

कार्यालय व्यवस्थापनका लागि महान्यायाधिवक्ताको कार्यालय तथा सम्बन्धित सरकारी सरोकारवाला निकायसँग समन्वय गर्ने निर्णय गरियो ।

३ प्रस्ताव नं ३ उपर छलफल गर्दा उच्च सरकारी वकील कार्यालय तुलसीपुर र जिल्ला सरकारी वकील कार्यालय दाङबाट नेपाल सरकारको हक हित सरोकारको विषयमा प्रभावकारी प्रतिरक्षा गर्न, नेपाल सरकार वादी भएका मुद्दाको काम कारबाही प्रभावकारी बनाउन, सरकारी वकील र कर्मचारीको सुरक्षा, मुद्दाको मिसिलहरु र कार्यालयको भौतिक सामाग्रीहरुको सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालय दाङ र जिल्ला प्रहरी कार्यालय दाङमा कार्यालयमा सुरक्षाकर्मी राख्ने व्यवस्थाका लागि पत्राचार र समन्वय गर्ने निर्णय गरियो ।